# आर्थिक गतिविधि अध्ययन

(काठमाडौं, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

(आर्थिक वर्ष २०७५/७६ को)

## वार्षिक प्रतिवेदन


**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**आर्थिक विकास महाशाखा**

बालुवाटार, काठमाडौं



२०७६ पुस

## अध्ययन प्रतिवेदनको संक्षिप्त परिचय

१. आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७० अनुसार आर्थिक वर्ष २०७५/७६ को वार्षिक आर्थिक गतिविधि समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

२. प्रतिवेदन नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास महाशाखा र काठमाडौं उपत्यका बाहिरका कार्यालय (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट तोकिएका ५७ जिल्लामा गरिएको स्थलगत सर्वेक्षण र सरोकारवालासँगको अन्तरक्रियामा आधारित छ ।

३. प्रतिवेदनमा तोकिएका ५७ जिल्लाको कृषि, उद्योग र सेवा क्षेत्रमा समीक्षा वर्षको स्थिति तथा आगामी आर्थिक वर्षको परिदृश्यलगायत यी क्षेत्रमा देखिएका चुनौतीको संक्षिप्त चर्चा गरिएको छ ।

४. अध्ययनमा समावेश क्षेत्र र जिल्ला देहाय वमोजिम छन् ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू | जिल्लाको संख्या |
|---|---|---|
| काठमाडौं | काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा | ९ |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, सप्तरी, ताप्लेजुङ्ग, पाँचथर र संखुवासभा | ९ |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर | ६ |
| वीरगञ्ज | बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन | ५ |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ्ग | ९ |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची र गुल्मी | ६ |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान र जुम्ला | ६ |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बैतडी, अछाम र दार्चुला | ७ |
| जम्मा | | ५७ |

# विषय-सूची


| | | पृष्ठ |
|---|---|---|
| **कार्यकारी सारांश** | | **१** |
| **परिच्छेद १ : कृषि** | | **२-५** |
| १.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | २ |
| १.२ | कृषि उत्पादन | ३ |
| १.३ | सिँचाइ सुविधा | ४ |
| १.४ | क्षेत्रगत कृषि कर्जा स्थिति | ५ |
| **परिच्छेद २ : उद्योग** | | **६-७** |
| २.१ | प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन स्थिति | ६ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ७ |
| **परिच्छेद ३ : सेवा** | | **८-९** |
| ३.१ | पर्यटन | ८ |
| ३.२ | घर-जग्गा कारोबार | ८ |
| ३.३ | वित्तीय सेवा | ८ |
| ३.४ | यातायात तथा संचार | ९ |
| ३.५ | शिक्षा तथा स्वास्थ्य | १० |
| **परिच्छेद ४ : प्रमुख चुनौती** | | **११-१२** |
| ४.१ | कृषि क्षेत्र | ११ |
| ४.२ | उद्योग क्षेत्र | ११ |
| ४.३ | सेवा क्षेत्र | १२ |

# कार्यकारी सारांश

## कृषि

१. समीक्षा वर्षमा अध्ययनमा समेटिएका ५७ जिल्लामा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रमा परिवर्तन नभएतापनि उत्पादन ५.० प्रतिशतले बढेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये धान उत्पादन ९.५ प्रतिशत, गहुँ उत्पादन १.० प्रतिशत र जौ उत्पादनमा १०.१ प्रतिशतले वृद्धि भएको छ भने मकै उत्पादन ०.९ प्रतिशत र कोदो उत्पादन ०.६ प्रतिशतले घटेको छ । त्यसैगरी, समीक्षा वर्षमा तरकारी उत्पादन १.६ प्रतिशतले घटेको छ ।

३. पशुजन्य उत्पादन अन्तर्गत दुध उत्पादन ३.३ प्रतिशत, मासु उत्पादन १.६ प्रतिशत र अण्डा उत्पादन ४.३ प्रतिशतले वृद्धि भएको छ भने ऊन उत्पादनमा २.९ प्रतिशतले कमी आएको छ । वनजन्य उत्पादन अन्तर्गत काठको उत्पादन १५.९ प्रतिशतले वृद्धि भएको छ ।

४. अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाले कुल प्रवाहित कर्जाको ५.७ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

## उद्योग

५. समीक्षा वर्षमा नमुना छनौटमा परेका प्रमुख उद्योगको क्षमता उपयोग ५७.१ प्रतिशत रहेको छ ।

६. औद्योगिक उत्पादनमध्ये सिमेन्ट, रंग, कंक्रिट, तोरीको तेल, भटमासको तेल लगायतको उत्पादनमा वृद्धि भएको छ भने चामल, चाउचाउ, चिरेको काठ, विजुलीका तार र केबुल लगायतका वस्तुको उत्पादनमा ह्रास आएको छ ।

७. अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३७.३ प्रतिशत रहेको छ ।

## सेवा

८. समीक्षा वर्षमा पर्यटक आगमन २४.१ प्रतिशतले बढेको छ । पर्यटकस्तरीय होटल तथा लजको संख्या १५.५ प्रतिशत र शैया संख्या २०.६ प्रतिशतले बढेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या ४.७ प्रतिशतले घटेतापनि रजिष्ट्रेशन बापतको राजस्व ६.१ प्रतिशतले बढेको छ ।

१०. अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको निक्षेप १९.२ प्रतिशतले र कर्जा प्रवाह २०.० प्रतिशतले वृद्धि भएको छ । औसत कर्जा-निक्षेप अनुपात ८७.६ प्रतिशत रहेको छ ।

११. अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा काठमाडौं क्षेत्रको अंश ६८.१ प्रतिशत छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५१.२ प्रतिशत छ ।

१२. समीक्षा वर्षमा यातायातका साधनको संख्या १९.४ प्रतिशतले वृद्धि भएको छ । नेपाल टेलिकम, एनसेल तथा अन्य कम्पनीबाट वितरण गरिएको मोवाईल तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा ५.६ प्रतिशतले वृद्धि भएको छ ।

# परिच्छेद १


# कृषि

## १.१. कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७५/७६ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ०.२ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो क्षेत्रफल १.१ प्रतिशतले घटेको थियो ।

**१.१.१ खाद्य तथा अन्य बाली :** खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल यथावत रहेको छ । गत वर्ष यस्तो क्षेत्रफल १.७ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा धानको क्षेत्रफल १.९ प्रतिशत, फापर बालीको क्षेत्रफल ८.२ प्रतिशत, आलुको १.६ प्रतिशत, उखुको ३.६ प्रतिशत, सुर्तीको १.५ प्रतिशत, दलहनको ०.४ प्रतिशत र तेलहन बालीको क्षेत्रफल ०.२ प्रतिशतले बढेको छ भने मकैको क्षेत्रफल ०.८ प्रतिशत, गहुँ २.९ प्रतिशत, कोदो ३.३ प्रतिशत, जौ २.३ प्रतिशत, सनपाट १७.३ प्रतिशत र भटमास बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशतले घटेको छ ।

**चार्ट १ : प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




**१.१.२ तरकारी :** तरकारी बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले घटेको छ । गत वर्ष उक्त क्षेत्रफल ४.७ प्रतिशतले बढेको थियो ।

**१.१.३ फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ४.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल २.७ प्रतिशतले बढेको थियो ।

**क्षेत्रगत स्थिति :** समीक्षा वर्षमा विराटनगर, जनकपुर, वीरगञ्ज, नेपालगञ्ज क्षेत्रको खाद्य तथा अन्य बालीले ढाकेको भू-भाग बढेको छ भने अन्य क्षेत्रमा घटेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफल जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर र धनगढी क्षेत्रमा बढेको छ भने अन्य क्षेत्रमा घटेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल सबै क्षेत्रमा बढेको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन ३.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्ता बालीको उत्पादन २.१ प्रतिशतले वृद्धि भएको थियो ।

**१.२.१ खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन ५.० प्रतिशतले बढेको छ । प्रमुख खाद्य बालीमध्ये धान उत्पादन ९.५ प्रतिशत, गहुँ उत्पादन १.० प्रतिशत, जौ उत्पादन १०.१ प्रतिशत, आलु उत्पादन २.५ प्रतिशत, उखु उत्पादन ७.४ प्रतिशत, सनपाट उत्पादन १.९ प्रतिशत र तेलहन उत्पादन २.० प्रतिशतले वृद्धि भएको छ भने मकै उत्पादन ०.९ प्रतिशत, कोदो उत्पादन ०.६ प्रतिशत, फापर उत्पादन २.९ प्रतिशत, सुर्ती उत्पादन २१.४ प्रतिशत, भटमास उत्पादन ०.६ प्रतिशत र दलहन उत्पादन १.६ प्रतिशतले घटेको छ ।

गत वर्ष मकै उत्पादन २.८ प्रतिशत, गहुँ उत्पादन ४.७ प्रतिशत, कोदो उत्पादन १.८ प्रतिशत, फापर उत्पादन ०.१ प्रतिशत, आलु उत्पादन २.४ प्रतिशत, उखु उत्पादन १.५ प्रतिशत, दलहन उत्पादन १०.१ प्रतिशत र तेलहन उत्पादन ५.९ प्रतिशतले बढेको थियो भने धान उत्पादन १.४ प्रतिशत, जौ उत्पादन ५.१ प्रतिशत, सनपाट उत्पादन ०.४ प्रतिशत, सुर्ती उत्पादन ४०.५ प्रतिशत र भटमास उत्पादन ०.६ प्रतिशतले घटेको थियो ।




मौसमी अनुकूलता, कृषि कर्जा तथा ब्याज अनुदान सम्बन्धी व्यवस्था, रासायनिक मल र उन्नत बीउ-बिजनको उपलब्धता एवम् कृषक समूहले आधुनिक कृषि यन्त्रको उपयोग बढाउनु लगायतका कारण समग्र कृषि उत्पादन वृद्धि हुन गएको छ ।

भौगोलिक क्षेत्रको आधारमा काठमाडौंबाहेक सबै क्षेत्रमा खाद्य तथा अन्य बालीको उत्पादन वृद्धि भएको छ । यस्ता बालीको उत्पादन विराटनगर क्षेत्रमा सबैभन्दा बढी ८.८ प्रतिशत र पोखरा क्षेत्रमा सबैभन्दा कम १.२ प्रतिशतले वृद्धि भएको छ ।

**१.२.२ तरकारी :** समीक्षा वर्षमा तरकारीको उत्पादन १.६ प्रतिशतले घटेको छ । गत वर्ष तरकारी उत्पादन ३.० प्रतिशतले बढेको थियो । काठमाडौं क्षेत्रमा तरकारीको उत्पादन घटेको छ भने बाँकी क्षेत्रमा बढेको छ । पोखरा क्षेत्रमा सबैभन्दा बढी ४.७ प्रतिशतले तरकारीको उत्पादन वृद्धि भएको छ ।

**१.२.३ फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ०.३ प्रतिशतले बढेको छ । सुन्तला उत्पादन ५.८ प्रतिशत, केरा ३.४ प्रतिशत, स्याउ उत्पादन १.३ प्रतिशत, मसला उत्पादन २.७ प्रतिशत, चिया उत्पादन १.१ प्रतिशत र अन्य फलफुलको उत्पादन १.३ प्रतिशतले वृद्धि भएको छ भने आँप उत्पादन १०.५ प्रतिशत र कफी उत्पादन ११.१ प्रतिशतले कमी आएको छ । गत वर्ष अन्य फलफुलको उत्पादनमा ह्रास आएको थियो भने बाँकी फलफूल तथा मसला बालीको उत्पादनमा वृद्धि भएको थियो । जनकपुर क्षेत्रमा फलफूल तथा मसला बालीको समग्र उत्पादन घटेको छ भने बाँकी क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.२.४ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** गत वर्ष २.७ प्रतिशतले बढेको दुध उत्पादन समीक्षा वर्षमा ३.३ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा मासु उत्पादन १.६ प्रतिशतले बढेको छ । मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन ०.२ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन ३.३ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन ३.३ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन १.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष मासु उत्पादन ०.७ प्रतिशतले घटेको थियो । गत वर्ष भैंसी/राँगोको मासु उत्पादन ०.३ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन २.१ प्रतिशतले वृद्धि भएको थियो भने खसी/बोका/भेडाको मासु उत्पादन ३.८ प्रतिशत र सुंगुर/बंगुरको मासु उत्पादन १.७ प्रतिशतले घटेको थियो ।


समीक्षा वर्षमा माछाको उत्पादनमा १.१ प्रतिशतले ह्रास आएको छ । गत वर्ष माछाको उत्पादन ८.४ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा वर्षमा विभिन्न वनजन्य उत्पादनतर्फ काठको उत्पादन १५.९ प्रतिशत र दाउराको उत्पादन १८६.८ प्रतिशतले बढेको छ भने अन्य उत्पादन ३०.९ प्रतिशत र औषधी सम्बन्धी वस्तुको उत्पादन ७२.५ प्रतिशतले घटेको छ । गत वर्ष काठ, दाउरा र औषधीजन्य वस्तुको उत्पादन क्रमशः १०.३ प्रतिशत, १४.६ प्रतिशत र ७०.३ प्रतिशतले बढेको थियो भने अन्य उत्पादन ९.९ प्रतिशतले घटेको थियो ।

समीक्षा वर्षमा सबै क्षेत्रमा दुध र अण्डाको उत्पादन वृद्धि भएको छ । जनकपुर क्षेत्रमा मासुको उत्पादनमा ह्रास आएको छ भने अन्य क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.३. सिँचाइ सुविधा

समीक्षा वर्षमा ५७ जिल्लाको कुल सिंचित क्षेत्रफल ९.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सिंचित क्षेत्रफल ३.२ प्रतिशतले वृद्धि भएको थियो । कुल खेती गरिएको भू-भागमध्ये ४७.५ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको देखिन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ३५.३ प्रतिशत कुलो, ५२.९ प्रतिशत नहर, ०.९ प्रतिशत पोखरी र १०.९ प्रतिशत बोरिङ्गबाट भएको देखिन्छ ।




यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

## १.४ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा ४२.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५९ अर्ब १८ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा २७.७ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ४८ अर्ब ४७ करोड २८ लाख कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा रु. ९ करोड ३९ लाख प्रवाह भएको देखिन्छ। कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं क्षेत्रको अंश २३.६ प्रतिशत, विराटनगर क्षेत्रको १६.३ प्रतिशत, जनकपुर क्षेत्रको ९.६ प्रतिशत, वीरगञ्ज क्षेत्रको २०.८ प्रतिशत, पोखरा क्षेत्रको ७.३ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको १२.६ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ५.८ प्रतिशत तथा धनगढी क्षेत्रको ३.८ प्रतिशत रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

# परिच्छेद २
# उद्योग

## २.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन स्थिति

२.१.१ समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५७.१ प्रतिशत रहेको छ । गत वर्ष यस्ता उद्योगको औसत क्षमता उपयोग ५९.७ प्रतिशत रहेको थियो । सिमेन्ट उत्पादनमा थप सिमेन्ट उद्योग सञ्चालनमा आएका कारण सिमेन्ट उद्योगको क्षमता उपयोग घट्न गई समग्र उद्योगको क्षमता उपयोग कम देखिएको हो । बियर उद्योगले सबैभन्दा बढी ९९.७ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ भने टायर उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् १५.८ प्रतिशतमात्र देखिएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

२.१.२ अध्ययनले समेटेका उद्योगमध्ये तोरीको तेल, भटमासको तेल, प्रशोधित दुध, गहुँको पिठो, चिनी, चकलेट, मदिरा, बियर, धागो, सिन्थेटिक कपडा, कागज, जुटका सामान, कागज, रोजिन, सिमेन्ट, फलामको रडलगायतको उत्पादन वृद्धि भएको छ भने चामल, पशुदाना, चाउचाउ, प्रशोधित चिया, हल्का पेय पदार्थ, चुरोट, गार्मेण्ट, प्रशोधित छाला, चिरेको काठ र पश्मिनालगायतको उत्पादन घटेको छ ।

विद्युत आपूर्तिमा सुधार आएको तथा निर्माणजन्य गतिविधिमा विस्तार भएसँगै खानीजन्य उत्पादनमा समेत वृद्धि भएकोले औद्योगिक क्षेत्रको उत्पादन बढेको छ ।

२.१.३ समीक्षा वर्षमा बनस्पती घिउ तथा तेल १३२.४ प्रतिशत, दुग्ध पदार्थ २८.० प्रतिशत, अन्य खाद्य पदार्थ ३.७ प्रतिशत, पेय पदार्थ ९.० प्रतिशत, लत्ता कपडा १६.२ प्रतिशत, अन्य कपडा १०.५ प्रतिशत, कागज तथा कागजका उत्पादन ३१.४ प्रतिशत, आधारभूत रसायन ६.५ प्रतिशत, अन्य रासायनिक पदार्थ २२.१ प्रतिशत, फेब्रिकेटेड धातुका सामान ५.८ प्रतिशत, धातुका उपकरण ३२.८ प्रतिशत, काठ तथा काठको सामान ०.१ प्रतिशत र जुत्ताको उत्पादन ०.९ प्रतिशतले बढेको छ भने अन्न तथा पशुदाना ६.९ प्रतिशत, सुर्तीजन्य वस्तु २४.१ प्रतिशत, तयारी कपडा २०.६ प्रतिशत, प्लाष्टिकजन्य उत्पादन ०.८ प्रतिशत र बिजुलीका उपकरणको उत्पादन ०.३ प्रतिशतले घटेको छ ।

२.१.४ काठमाडौं क्षेत्रमा विशेष गरी प्रशोधित दुध, पश्मिना, चाउचाउ, औषधिजन्य वस्तु र जुत्तालगायतका उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पति घिउ तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्टलगायतको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा मदिरा, कागज, सिमेन्ट उत्पादन हुने गरेको छ । त्यसैगरी, वीरगञ्ज क्षेत्रमा वनस्पति घिउ तथा तेल, प्रशोधित दुध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति; पोखरा क्षेत्रमा बिस्कुट, चाउचाउ; सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, बियर, औषधि, सिमेन्ट; नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, सिमेन्ट तथा धनगढी क्षेत्रमा गहुँको पिठो, चिरेको काठ, रोजिनलगायतका वस्तुको उत्पादन हुने गरेको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा

२.२.१ समीक्षा वर्षमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २७.१ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ४४ अर्ब ५६ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा २५.० प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३७.३ प्रतिशत रहेको छ ।

२.२.२ कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ७९.४ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम निर्माण सम्बन्धी उद्योगमा २१.० प्रतिशतले वृद्धि भएको छ । यसैगरी, उत्पादन सम्बन्धी उद्योगमा २६.४ प्रतिशत, विद्युत, ग्याँस र पानी सम्बन्धी उद्योगमा ३७.४ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा २२.५ प्रतिशत र पर्यटन उद्योग/सेवा सम्बन्धी उद्योगमा ३५.३ प्रतिशतले कर्जा प्रवाह वृद्धि भएको छ ।

चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)




२.२.३ औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ०.८ प्रतिशत, उत्पादन सम्बन्धी उद्योगमा ४४.५ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २८.१ प्रतिशत, विद्युत, ग्याँस र पानी सम्बन्धी उद्योगमा ११.४ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ३.६ प्रतिशत र पर्यटन उद्योग/सेवा सम्बन्धी उद्योगमा ११.६ प्रतिशत प्रवाह भएको छ ।

२.२.४ औद्योगिक कर्जामध्ये काठमाडौं क्षेत्रको अंश ५९.६ प्रतिशत, विराटनगर क्षेत्रको ११.२ प्रतिशत, जनकपुर क्षेत्रको २.० प्रतिशत, वीरगञ्ज क्षेत्रको ९.६ प्रतिशत, पोखरा क्षेत्रको ५.४ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको ७.३ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ३.० प्रतिशत र धनगढी क्षेत्रको १.८ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३
# सेवा

## ३.१ पर्यटन

समीक्षा वर्षमा पर्यटक आगमन २४.१ प्रतिशतले वृद्धि भई १२ लाख ४० हजार ५ सय २७ पुगेको छ। समीक्षा वर्षमा अध्ययनमा समेटिएका जिल्लामा पर्यटकस्तरीय होटल तथा लजको संख्या १५.५ प्रतिशत र शैय्या संख्या २०.६ प्रतिशतले बढेको छ। सन् २०१८ मा पर्यटक आगमन संख्या ११ लाख ७३ हजार ७२ थियो, यो संख्या सन् २०१७ भन्दा २४.८ प्रतिशतले बढी हो।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

## ३.२ घरजग्गा कारोबार

३.२.१ समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यामा ४.७ प्रतिशतले कमी आएको छ। गत वर्ष सो संख्यामा ७.१ प्रतिशतले कमी आएको थियो। समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व ६.१ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब ५८ करोड पुगेको छ। गत वर्ष यस्तो राजस्व २.० प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ८.२ प्रतिशतले घटेको छ। गत वर्ष घर/भवन नक्सा पास संख्या ४६.३ प्रतिशतले बढेको थियो।

३.२.२ जनकपुर, नेपालगन्ज र धनगढी क्षेत्रमा घर-जग्गा रजिष्ट्रेशन संख्या वृद्धि भएको छ भने बाँकी क्षेत्रमा ह्रास आएको छ। त्यसैगरी, काठमाडौं र विराटनगर क्षेत्रमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व घटेको छ भने अन्य क्षेत्रमा बढेको छ। जनकपुर र धनगढी क्षेत्रमा घर/भवन नक्सा पास संख्या वृद्धि भएको छ भने अन्य क्षेत्रमा ह्रास आएको छ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

## ३.३ वित्तीय सेवा

३.३.१ अध्ययन क्षेत्रमा समेटिएका ५७ जिल्लामा वाणिज्य बैंकका ३२६५, विकास बैंकका १२२५, वित्त कम्पनीका २०८ तथा लघुवित्त वित्तीय संस्थाका ३४५८ गरी जम्मा ८१५६ शाखा सञ्चालनमा छन्। यसमध्ये काठमाडौं क्षेत्रमा सबैभन्दा बढी अर्थात् १६८३ तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् ६०० शाखा सञ्चालनमा छन्।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ।

३.३.२ समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप १९.२ प्रतिशतले वृद्धि भई रु. ३१ खर्ब ९६ अर्ब ६ करोड पुगेको छ। गत वर्ष यस्तो निक्षेप १९.९ प्रतिशतले वृद्धि भएको थियो।




३.३.३ समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०.० प्रतिशतले वृद्धि भई रु. २८ खर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २०.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षको अन्त्यमा कर्जा निक्षेप अनुपात ८७.६ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ८७.० प्रतिशत रहेको थियो ।

३.३.४ समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेपमा सबैभन्दा धेरै काठमाडौं क्षेत्रको अंश ६८.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम धनगढी क्षेत्रको २.१ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा सबैभन्दा धेरै काठमाडौं क्षेत्रको अंश ५१.२ प्रतिशत रहेको छ भने सबैभन्दा कम धनगढी क्षेत्रको २.८ प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

३.४.१ समीक्षा वर्षमा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधन अघिल्लो वर्षको तुलनामा १९.४ प्रतिशतले वृद्धि भएको देखिन्छ । यसमध्ये मोटरसाईकल संख्या १९.८ प्रतिशत तथा अन्य सवारी साधन १८.० प्रतिशतले वृद्धि भएको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा प्रस्तुत गरिएको छ ।

३.४.२ समीक्षा वर्षमा नेपाल टेलिकम, एनसेल तथा अन्य कम्पनीबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) तथा ल्याण्डलाइन टेलिफोन ५.६ प्रतिशतले वृद्धि भई ४ करोड १३ लाख ९५ हजार ७ सय १४ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा २९.८ प्रतिशतले वृद्धि भई १ करोड ९४ लाख ४१ हजार ७ सय १० पुगेको छ ।

यस सम्बन्धी विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ ।

## ३.५ शिक्षा तथा स्वास्थ्य

अध्ययन क्षेत्रका जिल्ला शिक्षा कार्यालयबाट प्राप्त शैक्षिक सत्र २०७६ को तथ्याङ्क अनुसार सरकारी/सामुदायिक र संस्थागत (निजी) गरी कुल विद्यालय संख्या (उच्च मा. वि. सहित) ३० हजार ६ सय २१ रहेका छन् । यसमध्ये २२ हजार ४ सय ८३ सरकारी/सामुदायिक र ८ हजार १ सय ३८ निजी संस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ कुल विद्यार्थी ४.१ प्रतिशतले ह्रास आई ४१ लाख ७७ हजार ३३४ कायम भएको छ भने संस्थागततर्फ ४.२ प्रतिशतले ह्रास आई १७ लाख ५८ हजार ६३७ पुगेको छ । अध्ययन क्षेत्रमा रहेका ६ सय २५ प्राविधिक शिक्षालयबाट ४९ हजार ५ सय ४८ ले प्राविधिक शिक्षा प्राप्त गरेको देखिन्छ ।

पर्यटक आगमनमा भएको वृद्धि, वित्तीय मध्यस्थतामा भएको विस्तार तथा स्वास्थ्य क्षेत्रमा भएको बढोत्तरीका कारण सेवा क्षेत्र विस्तार भएको छ ।

यस सम्बन्धी विस्तृत तथ्याङ्क तालिका १९ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ४
# प्रमुख चुनौती

## ४.१ कृषि क्षेत्र

१. कृषि अनुसन्धान तथा सहज कृषि प्रसार सेवाको लागि स्थानीयतहसम्म कृषि तथा पशु सेवा प्रभावकारी बनाउनु ।

२. कृषियोग्य भूमिमा वर्षभरी सिँचाई सुविधा उपलब्ध हुने पूर्वाधार निर्माण गरी मनसुनी वर्षामा निर्भर रहनुपर्ने स्थितिको अन्त्य गर्नु ।

३. वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्नु ।

४. कृषि उत्पादन संकलन केन्द्र, भण्डारणगृह, शीतगृह, कृषि बिक्री केन्द्र तथा अन्तर्राष्ट्रियस्तरको खाद्य प्रयोगशालाको विकास गर्नु ।

५. खुला सीमानाको कारण अबैधरुपमा भित्रिने कम गुणस्तरका मलखाद, बिउविजन तथा कृषि उपजको नियन्त्रण गर्नु ।

६. जलवायु परिवर्तनले कृषि क्षेत्रको उत्पादनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्नु ।

७. कृषि उपजको बजारीकरणमा देखिएको समस्या निराकरण गर्दै उपभोक्ता र किसान बीच देखिएको दुरी कम गर्नु ।

८. कृषि बाली तथा पशु बीमाको पँहुचलाई सीमान्तकृत ग्रामीण क्षेत्रसम्म विस्तार गर्नु ।

९. उत्पादनमूलक कर्जा, पुर्नकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा लक्षित वर्गसम्म पुग्ने व्यवस्था गर्नु ।

१०. कृषि तथा पशु बीमा कार्यक्रमलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी कृषकको पहुँच बढाउनु ।

११. पशुपालक कृषकलाई उत्प्रेरित गर्दै गुणस्तरीय उत्पादन वृद्धि गर्न पशु चिकित्सा सेवाको पहुँच स्थानीयतहका वडासम्म विस्तार गर्नु ।

१२. तालिम तथा प्रशिक्षणमार्फत क्षमता विकास गरी कृषि पेशामा युवालाई आकर्षित गर्नु ।

१३. कृषि क्षेत्रमा दक्ष जनशक्तिको आपूर्ति, कृषि सम्बन्धी अनुसन्धान, कृषि प्रसार, सिंचाई सुविधामा विस्तार, कृषि उपजको बजारीकरण र विचौलियाको प्रवृति नियन्त्रण गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

## ४.२ उद्योग क्षेत्र

१. स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्नु ।

२. कृषि उत्पादनलाई उद्योगक्षेत्रसंग जोडी औद्योगिक उत्पादन वृद्धि गर्नु ।

३. उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक न्यूनतम पूर्वाधारको विकास गर्नु ।

४. औद्योगिक पूर्वाधारको विकास र प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरी औद्योगिक क्षेत्रको उत्पादन वृद्धि गर्नु ।

५. विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र, औद्योगिक करिडोरलगायतका औद्योगिक पूर्वाधारको स्थापना तथा संचालन गरी औद्योगिक उत्पादनलाई विदेशी उत्पादनसँग प्रतिस्पर्धी बनाउनु ।

६. उद्योग सञ्चालनका लागि दक्ष जनशक्तिको विकास गर्नु ।

७. औद्योगिक उत्पादनको मूल्य छिमेकी मुलुकका औद्योगिक उत्पादनसँग प्रतिस्पर्धी बनाउनु ।

८. लगानीमैत्री वातावरणको विकास गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु ।

९. हाल संचालनमा रहेका उद्योगहरुको आन्तरिक तथा बाह्य बजार विस्तार गरी उद्योगको क्षमता उपयोग बढाउनु ।

१०. विदेशमा रोजगारी गरी फर्किएका युवाको व्यावहारिक ज्ञान, सीप र तालिम स्वदेशमा प्रयोग गर्न सहजरुपमा कर्जा उपलब्ध गराउनु ।

## ४.३ सेवा क्षेत्र

१. पर्यटक आगमन बढाउन देशमा रहेको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गरी उडान संख्या वृद्धि गर्नु ।

२. माइस टुरिजम, धार्मिक पर्यटन, साहसिक पर्यटन, शिक्षा, स्वास्थ्य र पर्यटनजस्ता पर्यटकीय गतिविधिको विस्तार गर्नु ।

३. पर्यटकको बसाई अवधि र खर्च वृद्धि गर्न पर्यटकीय गन्तव्यको विस्तार गर्नु ।

४. वीमा तथा बैंकिङ्ग सुविधाको पहुँच ग्रामीण सर्वसाधारणसम्म पुऱ्याउनु ।

५. बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाहलाई रोजगारी सृजना, आय आर्जन तथा उत्पादनमूलक क्षेत्रतर्फ केन्द्रित गर्नु ।

६. धितोपत्रको कारोवार एवं घरजग्गा तथा रियलस्टेट व्यवसायलाई उत्पादनशील क्रियाकलापतर्फ आवद्ध गर्नु ।

७. गरिब, विपन्न र दुर्गम क्षेत्रसम्म गुणस्तरीय व्यावसायिक शिक्षा र स्वास्थ्य सेवा विस्तार गर्नु ।

***